# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७६।७७ को वार्षिक तथा अन्तिम तीन महिनाको प्रगति विवरणको

## स्वत प्रकाशन

## १. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृतिः

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ । नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ । नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ । वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ । यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भनी उल्लेख गरिएको थियो ।

क) नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो । त्यस्तै तत्कालीन स्थानिय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण बिभागको स्थापना भयो । नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र रसंघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराइँ जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** गठन भएको छ ।

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ ।

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (७) मा "एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली विकास गरीनागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने" संवैधानिक व्यवस्था रहेको छ ।राष्ट्रिय परिचयपत्र व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ । विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ ।

क) आर्थिक वर्ष २०७५।०७६ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुदा नं. ५५ मा "सबै नेपालीलाई बायोमेट्रिक सूचना र पृथक नम्बर सहितको राष्ट्रिय परिचयपत्र उपलन्ध गराइने छ" भनी उल्लेख भएको छ ।

ख) आर्थिक वर्ष २०७५।०७६ को बजेट वक्तव्यको बुँदा नं. १२१ मा "पाँच वर्षभित्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने नीति अनुरुप आगामी वर्ष थप १५ जिल्लामा कार्यक्रम विस्तार गरिने छ" भनी उल्लेख भएको छ ।

ग) आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रमको सम्बन्धित बुँदा नं. २३३ नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकिकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ । आगामी ३ वर्ष भित्रमा सबै नागरिकलाई पृथक नम्बर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरिनेछ । राज्यबाट प्रवाह हुने सेवा सुविधालाई यस प्रणालीमा आवद्ध गरिनेछ ।

घ) बजेट व्यक्तव्यको सम्बन्धित बुँदा नं २७५ बायोमेट्रिक पहिचान र पृथक नं. सहितको राष्ट्रिय परिचयपत्र वितरण आगामी आ. व. थप एक (१) नागरिकको विवरण विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।

ङ) गृह प्रशासन सुधार मार्गचित्र २०७४ (८४ बुँदे) मा सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र शीर्षक अन्तर्गत "राष्ट्रिय परिचयपत्र सबै नागरिकलाई योजनाबद्ध रुपमा वितरण गर्ने व्यवस्था मिलाइने छ। एक व्यक्ति एक परिचयपत्र नम्बर प्रणालीमा नागरिकता, पासपोर्ट, सवारी चालक लाइसेन्स आदि एकीकृत गर्ने कार्यको सुरुवात गरिने छ । आगामी ५ वर्षभित्र सम्पूर्ण नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने व्यवस्था मिलाइने छ" भनी उल्लेख गरिएको थियो ।

च) राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन, विकास र समृद्धिका लागि शान्ति सुरक्षा र सुशासनको अभिप्रायका साथ कार्यान्वयनमा रहेको गृह प्रशासन सुधार कार्ययोजना २०७४ (८२ बुँदे) मा "राष्ट्रिय परिचयपत्र व्यवस्थापन ऐन निर्माण गर्ने, पाँचथर जिल्लाका एक लाख दश हजार नागरिक र सिंहदरबार भित्र कार्यरत सात हजार कर्मचारीलाईपरीक्षण परियोजना (Piloting Project) को रुपमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने र पाँच वर्ष भित्र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने। यस कार्यको लागि राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रले मुख्य जिम्मेवार निकायको रुपमा भूमिका खेल्ने तथा गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयले सहयोगी निकायको रुपमा भूमिका खेल्ने उल्लेख भएको छ ।

## २. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय परिचयपत्र उपलब्ध गराउन आवश्यक पर्ने प्रणाली तथा पूर्वाधार तयार गर्ने ।
- व्यक्तिको वैयक्तिक पहिचानका लागि छुट्टा-छुट्टै परिचय नम्बर प्रदान गर्ने ।
- जैविक पहिचान सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र तयार गरी वितरण गर्ने।
- नेपालमा बस्ने सबै व्यक्तिका वैयक्तिक विवरण राष्ट्रिय तथ्याङ्क भण्डारमा समाविष्ट गर्ने ।
- जनतालाई प्रवाह गर्ने सेवा सुविधालाई एकीकृत प्रणाली मार्फत एउटै परिचयपत्रबाट प्राप्त हुने प्रावधान सहितको प्रणाली विकास गर्ने ।

- गैर आवासीय नेपाली र विदेशी नागरिकलाई समेत आवश्यकतानुसार परिचयपत्र उपलब्ध गराउने ।
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी नीति, कानून र कार्ययोजना तर्जुमा गर्ने ।
- व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेख राख्ने ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक गर्ने र स्थानीय तहलाई बजेट अख्तियारी दिने ।

## ३. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

अनुसूची - १

### राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स ,.स.रा१ - (प्रशासन) .प्र.प.

**प्रशासनयोजना तथा अनुगमन शाखा ,**
निर्देशक१ - (.प्र.सा.प्र) .द्वि.प.रा ,

**प्रशासन**
शा ,.अ.रा.प्र) .तृ.प./सा १ - (.प्र.
क१ - (विविध).तृ.प.रा ,अधिकृत.
ना ,.सु.रा.प्र) .अनं.प./सा२ - (.प्र.
क ,.अ.रा१ - (विविध) .प्र.अनं.प.
ह५ - (करार) श्रेणीविहीन.चा.स.
का .स.श्रेणीविहीन ६ - (करार)

**योजना अनुगमन तथा समन्वय**
शा ,.अ.रा.प्र) .तृ.प./सा- (.प्र. २

**जिन्सी**
शा ,.अ.रा.प्र) .तृ.प./सा - (.प्र.१
ना ,.सु.रा.प्र) .प्र.अनं.प./सा - (.प्र.१

**आर्थिक प्रशासन**
ले ,.अ.रा.प्र) .तृ.प./ले - (.१
ले ,.पा.रा.प्र) .प्र.अनं.प./ले- (. १

**राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**
निर्देशक१ - (.प्र.सा.प्र) .द्वि.प.रा ,

**परिचयपत्र**
शा.प्र) .तृ.प.रा ,.अ./सा - (.प्र.१
ना ,.सु.रा.प्र) .प्र .अनं.प./सा१ - (.प्र.
क - (विविध) .प्र.अनं.प.रा ,.अ.१

**पञ्जिकरण शाखा**
निर्देशक१ - (.प्र.सा.प्र) .द्वि.प.रा ,

**पञ्जिकरण**
शा.प्र) .तृ.प.रा ,.अ./सा - (.प्र.१
ना ,.सु.रा.प्र) .प्र.अनं.प./सा१ - (.प्र.
क - (विविध) .प्र.अनं.प.रा ,.अ.१

**सामाजिक सुरक्षा शाखा**
निर्देशक१ - (.प्र.सा.प्र) .द्वि.प.रा ,

**सामाजिक सुरक्षा**
शा ,.अ.रा.प्र) .तृ.प./सा - (.प्र.१
ना ,.सु.रा.प्र) .प्र.अनं.प./सा१ - (.प्र.
क ,.अ.रा - (विविध) .प्र.अनं.प.१

**सूचना प्रविधि शाखा**
सू ,.नि.प्र.रा१ - (विविध) .द्वि.प.

**प्रणाली विकासप्रशोधन तथा , छपाई**
क ,.इन्जि .रा२ - (विविध) .तृ.प.
क१ - (विविध).तृ.प.रा ,अधिकृत .
क ,.अ.रा१ - (विविध) .प्र.अनं.प.
क,.टे. रा.प्र.अनं.प. (विविध)
८- (करार)

**विद्युतिय सेवा समन्वय**
क - (विविध) .तृ.प.रा ,इन्जि .१
त ,.अ.रा - (.त.त.यो.आ).तृ.प.१
त .प्र.अनं.प.रा ,सहायक .
- (.त.त.यो.आ) १
क - (विविध) .प्र.अनं.प.रा,.अ.१
क, .टे.रा (विविध) .प्र.अनं.प.
४-(करार)

नेपाल सरकार

## गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

**विभागको स्वीकृत दरबन्दी तथा पदपूर्तीको विवरणः-**

| क्र.सं. | पद | श्रेणीतह/ | सेवा | समूह | स्वीकृत दरबन्दी | कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | महानिर्देशक | रा.प्र.प. | प्रशासन | सा.प्र. | 1 | 1 | 0 | |
| 2 | निर्देशक | रा.द्वि.प. | प्रशासन | सा.प्र. | 4 | 4 | 0 | |
| 3 | सूचना प्रविधि निर्देशक | रा.द्वि.प. | विविध | | 1 | 1 | 0 | |
| 4 | शाखा अधिकृत | रा.तृ.प. | प्रशासन | सा.प्र. | 7 | 6 | 1 | |
| 5 | लेखा अधिकृत | रा.तृ.प. | प्रशासन | लेखा | 1 | 1 | 0 | |
| 6 | तथ्यांक अधिकृत | रा.तृ.प. | आ.तथा त.यो. | तथ्यांक | 1 | 0 | 1 | |
| 7 | कम्प्युटर अधिकृत | रा.तृ.प. | विविध | | 2 | 1 | 1 | |
| 8 | कम्प्युटर इन्जिनियर | रा.तृ.प. | विविध | | 3 | 2 | 1 | |
| 9 | नायब सुब्बा | राप्रथम.अनं.प. | प्रशासन | सा.प्र. | 6 | 6 | 0 | |
| 10 | लेखापाल | राप्रथम.अनं.प. | प्रशासन | लेखा | 1 | 1 | 0 | |
| 11 | कम्प्युटर अपरेटर | राप्रथम.अनं.प. | विविध | | 5 | 5 | 0 | |
| 12 | तथ्यांक सहायक | राप्रथम.अनं.प. | आ.तथा त.यो. | तथ्यांक | 1 | 1 | 0 | |
| | | | | जम्मा | ३३ | २९ | ४ | |

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

**सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण:-**

| क्र.सं. | पद | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|
| 1 | कम्प्युटर इन्जिनियर | २ | |
| 2 | कम्प्युटर टेक्निसियन | ७ | |
| 3 | कम्प्युटर अपरेटर | २ | |
| 4 | हलुका सवारी चालक | ७ | |
| 5 | कार्यालय सहयोगी | १० | |
| | **जम्मा** | **२८** | |

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

**विभागमा संचालित SSSPCR आयोजनाको आयोजना व्यवस्थापन इकाईमा कार्यरत व्यक्तिगत परामर्शदाताहरु**

| क्र.सं. | पद | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|
| 1 | Senior Procurement Specialist | १ | |
| 2 | Financial Management Specialist | १ | |
| 3 | MIS Team Leader | १ | |
| 4 | System Analyst | १ | |
| 5 | Senior Database Analyst | १ | |
| 6 | Program Officer | १ | |
| 7 | Senior Software Developer | १ | |
| 8 | Communication Officer | १ | |
| 9 | MIS Support/Training Staff | ४ | |
| 10 | Project Admin Assistant | २ | |
| 11 | MIS अपरेटर | १ | |
| 12 | Field Assistant | १ | |
| | **जम्मा** | १६ | |

## ४. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवाः

१) प्रत्येक नेपाली नागरिकहरुलाई बैयक्तिक र जैबिक बिबरण सहितको स्मार्टकार्ड प्रबिधिमा आधारित परिचयपत्र उपलव्ध गराउने र सो को ब्यबस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको ब्यबस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ताको कार्यक्रम व्यबस्थापन गर्ने ।

**५. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारीः**

- प्रशासन, योजना तथा अनुगमन शाखाः- निर्देशक, श्री शिवराज जोशी
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः- निर्देशक, श्री विष्णुहरि उपाध्याय
- पञ्जीकरण शाखाः- निर्देशक, श्री हिरा देवी पौडेल
- सामाजिक सुरक्षा शाखाः- निर्देशक, श्री विष्णु लामिछाने
- सूचना प्रविधि शाखाः- सूचना प्रबिधि निर्देशक, श्री सुभाष ढकाल

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः-** ऐन र नियमाबली बमोजिम

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः- सम्बन्धित शाखा**बाट पेश भयको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः- महानिर्देशक**

**९. सम्पादन गरेको कामको विवरण**

<u>**पञ्जीकरण तर्फ**</u>

१. दर्ता किताब ६८० पालिकाबाट संकलन गरी विवरण डिजीटाइजेशन कार्यको लागि तयारी अघि बढाईएको छ ।
२. सूचना तथा सञ्चार अभियान अन्तर्गत ५ वटा चेतनामूलक भिडियो, ५ वटा चेतनामूलक अडियो, एक किसिमको ब्रोसर, दुई किसिमको पम्प्लेट तयारी गरिएको छ ।
३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका २०७४ को संशोधन ।
४. प्राविधिक र निर्देशक समितिको बैठक सम्पन्न ।
५. CRVS रणनीति स्वीकृत भएको ।
६. VERSP-MIS प्रणाली सम्बन्धी Video र म्यानुअल तयार गरिएको ।
७. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी नियमावली २०७७ को मस्यौदा तयार गरी पेस।
८. स्थानीय तहका लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड २०७६ स्वीकृत भई हाल कार्यरत १००० जना MIS Operator र १००० जना Field Assistant छनौट कार्य सम्पन्न ।

९. सिंहदरबारमा रहेका सूचना फारामको स्क्यानिङ्ग तथा इन्ट्री प्रक्रिया शुरु ।

१०.१००० थान ल्यापटप खरिद गरी स्थानीय तहमा वितरण कार्य सम्पन्न ।

११. MIS Operator र Field Assistant हरुको लागि ३ वटा प्रदेश क्रमशः बागमती, सूदूर पश्चिम र गण्डकी प्रदेशका सहभागीहरुलाई Online मार्फत तालिम सम्पन्न ।

१२.१५ वटा जिल्लाका ७५० वडा सचिवहरुलाई VERSP-MIS सम्बन्धी ३ दिने तालिम प्रदान।

१३.७५३ स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतहरुलाई १ दिने आयोजना सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

१४.आयोजना व्यवस्थापन इकाईका लागि थप ६ जना जनशक्ति नियुक्ती ।

१५.थप ८ जना जनशक्ति नियुक्तिका लागि सूचना प्रकाशन भएको ।

<u>राष्ट्रिय परिचयपत्र तर्फ</u>

१. जिल्ला प्रशासन कार्यालयमा स्थायी स्टेशन स्थापनाः

४८ जिल्लाको जिल्ला प्रशासन कार्यालयहरुमा राष्ट्रिय परिचयपत्रको लागि स्थायी विवरण दर्ता इकाई स्थापना गरी नियमित रुपमा नागरिकहरुको विवरण संकलन गर्ने कार्य भईरहेको ।

२. अभियान सञ्चालन अन्तर्गत जुम्ला बाहेक सबै जिल्लाहरुमा जनशक्ति छनौट कार्य सम्पन्न ।

३. नागरिकका विवरणहरु वडा स्तरबाट संकलन गर्न अभियान सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत आ.व. ०७६/७७ मा झापा, संखुवासभा, चितवन, ललितपुर, गुल्मी, जुम्ला र कञ्चनपुर गरी ७ वटा जिल्लाहरुमा अभियान सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत भएकोमा COVID-19 का कारण कञ्चनपुर जिल्लामा अभियान शुरु भई स्थगित भएकोमा पुनः आषाढ महिनादेखि सञ्चालन गरिएको ।

४. सेवा आवद्धताः

राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको पहिलो चरणमा विकास गरिएको नयाँ राष्ट्रिय परिचय नम्बरको अनुरोध (First NID Card Request), नागरिक तथ्याङ्क व्यवस्थापन, राष्ट्रिय परिचय नम्बरको प्रमाणिकरण, मतदाता नामावली तयार (प्रारम्भिक), सरकारी-नागरिक (G2C) पोर्टल तयार गरी परीक्षण सम्पन्न भएको छ । त्यसैगरी स्तरोन्नति गरिएको राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा विकास गरिएका विद्युतीय सेवाको परीक्षण कार्य भइरहेको । राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा रहेको नागरिकका विवरणहरु राहदानीमा उपयोग गर्ने गरी राहदानी विभागसँग सम्झौता भएको ।

५. अनलाईन दरखास्त दिने प्रणाली (Pre-Enrollment) को निर्माण

राष्ट्रिय परिचयपत्रको लागि नागरिकहरुले हातले भरिने फाराम मार्फत आवेदन दिन सक्ने व्यवस्था रहेकोमा अनलाइनबाट आफ्नो विवरणहरु पेश गरेर नागरिकहरुले जैविक विवरण तोकिएको स्थानबाट दर्ता गराउन सक्ने गरी अनलाईन दरखास्त दिने प्रणाली (Pre-Enrollment System) को विकास गर्ने कार्य सम्पन्न भएको छ र यो छिट्टै लागु गर्न सकिने अवस्थामा रहेको छ ।

६. २०७६।७७ को असार मसान्तसम्म करिब २ लाख १४ हजार नेपाली नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन भएकोमा सो मध्ये १ लाख १५ हजार जनालाई कार्ड समेत वितरण गरिसकिएको अवस्था छ ।

७. राष्ट्रिय परिचयपत्रको लागि आवश्यक स्टेशनका उपकरण खरिद कार्य सम्पन्न भएको छ । साथै स्टेशनहरु Ready for Deployment को अवस्थामा राखिएको छ ।

८. राष्ट्रिय परिचयपत्र कार्ड प्रशोधन गर्ने सम्बन्धमा हाल रहेको मेशिनको क्षमता अभिवृद्धि गरी प्रति घण्टा १००० कार्ड प्रशोधन गर्न सक्ने गरि काम भैरहेको छ । सो सम्बन्धी Hardware उपकरण सम्बन्धित परामर्शदाताबाट आपूर्ति भईरहेको छ ।

**<u>सामाजिक सुरक्षा तर्फ</u>**

१. आर्थिक वर्ष २०७६/०७७ को सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु.६८ अर्व ३१ करोड ६४ लाख मध्ये रु.६६ अर्व १६ करोड ४१ लाख रकम करिब २९ लाख ५९ हजार लाभग्राहीहरुलाई विभिन्न दरमा भत्ता वितरण गरीएको छ ।

२. मानव सेवा आश्रम, आमाको घर लगायतका संस्थाहरुलाई रु.३ करोड ९७ लाख ३८ हजार रकम विनियोजन भएको एवं दुई आ.व. २०७५।०७६ र २०७६।०७७ को सामाजिक सुरक्षा भत्ता मन्त्रिपरिषद्को निर्णय अनुसार यसै वर्ष वितरण भएको ।

३. आर्थिक वर्ष २०७७/०७८ को लागि ७५३ वटै स्थानीय तहबाट सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने थप सहित जम्मा ३२ लाख ११ हजार लाभग्राहीहरुको विवरण केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्ट भएको ।

४. बैङ्किङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने स्थानीय तहको संख्या १९० लक्षित रहेकोमा ९० वटा स्थानीय तहले सो प्रणाली मार्फत भत्ता भुक्तानी गरेको ।

५. विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ को पहिलो संशोधन स्वीकृत ।

६. सामाजिक सुरक्षा नियमावली २०७६ मन्त्रिपरिषद्बाट स्वीकृत भई लागु भएको ।

७. VERSP-MIS Online तालिम पैतिस वटा सम्पन्न गर्ने लक्ष्य रहेकोमा चार वटा मात्र सम्पन्न भएको। कोभिड-१९ का कारण लक्ष्य अनुसार सो तालिम सम्पन्न हुन नसकेको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः-

प्रमुखः महानिर्देशक श्री जितेन्द्र बस्नेत

सूचना अधिकारीः निर्देशक श्री शिवराज जोशी

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६

२) सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६

३) जन्म, मृत्यु तथा अन्य घटना दर्ता गर्ने नियमावली, २०३४

४) राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७६

५) विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ को पहिलो संसोधन, २०७६

६) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ दोश्रो संशोधन, २०७६

७) व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)

८) राष्ट्रिय परिचयपत्र व्यवस्थापनको रणनीतिक योजना, २०७५।०७६—२०७७।०७८

९) राष्ट्रिय परिचयपत्र वितरणका लागि नेपाली नगरिकता प्राप्त व्यक्तिको विवरण दर्ता तथा राष्ट्रिय परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५

१०) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५

११) नेपाल सरकारका निर्णय तथा परिपत्रहरु,

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरण

### आर्थिक वर्ष२०७६।७७ को कार्यक्रम र बजेट

### विभागको बार्षिक विनियोजित बजेट तथा खर्चको अवस्था

| क्र.सं. | ब.नं.शि.उ. | आयोजनाकार्यक्रम/ | कुल विनियोजिन रुहजारमा . | | | चालु खर्च प्रतिशत | पुँजिगत खर्च प्रतिशत | कुल खर्च रु. | कुल प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पुँजिगत | कुल | | | | भौतिक % | वित्तिय % | |
| १ | ३१४०१०११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ५००८६५० | २२६०८०० | ७२६९४५० | १५ | ५६ | २८ | | २८ | |
| २ | ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | ६८३१३४६२ | ० | ६८३१३४६२ | ९७ | ० | ९७ | १०० | ९७ | |

नोट: विश्व बैंकको आयोजना अन्तर्गत स्थानीय तहमा, राष्ट्रिय परिचयपत्र तर्फ जिल्ला प्रशासन कार्यालय र विभागमा भएको खर्च समेत कुल जम्मा ।

### विभागको बार्षिक विनियोजित बजेट तथा खर्चको अवस्था

| वर्गिकरण | विनियोजित बजेट (हजारमा) | | | असार महिना सम्मको खर्च (हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | बैदेशिक ऋण | जम्मा | नेपाल सरकार | बैदेशिक ऋण | जम्मा | नेपाल सरकार | बैदेशिक ऋण | जम्मा |
| **जम्मा** | ३९४२१५० | ३३२७३०० | ७२६९४५० | ११८२९४० | ८२५६५२ | २००८५९२ | ३० | २५ | २८ |

नोट: विश्व बैंकको आयोजना अन्तर्गत स्थानीय तहमा, राष्ट्रिय परिचयपत्र तर्फ जिल्ला प्रशासन कार्यालय र विभागमा भएको खर्च समेत कुल जम्मा ।

**विभागको बार्षिक विनियोजित बजेट तथा खर्चको अवस्था (बजेट शमर्पण पश्चात)**

| वर्गिकरण | विनियोजित बजेट (हजारमा) | | | असार महिना सम्मको खर्च (हजारमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल सरकार | बैदेशिक ऋण | जम्मा | नेपाल सरकार | बैदेशिक ऋण | जम्मा | नेपाल सरकार | बैदेशिक ऋण | जम्मा |
| जम्मा | २५२२९५० | १४७३५८१ | ३९९६५३१ | ११८२९४० | ८२५६५२ | २००८५९२ | ४७ | ५६ | ५० |

**नोट: विश्व बैंकको आयोजना अन्तर्गत स्थानीय तहमा, राष्ट्रिय परिचयपत्र तर्फ जिल्ला प्रशासन कार्यालय र विभागमा भएको खर्च समेत कुल जम्मा ।**

**विभागको समग्र पूँजीगत तथा चालु खर्च प्रगती एवं बेरुजु फछ्यौंटको स्थितिः**

| **विवरण** | **प्रगती प्रतिशत** |
|---|---|
| पूँजीगत खर्च | ५३.१६ |
| चालु खर्च | ३.५४ |
| बेरुजु फछ्यौंट | १०० |

**१३. तोकिए वमोजिमका अन्य विवरण (x)**

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण**

क) पाँचथर जिल्लाका नेपली नागरिकहरुको व्यक्तिगत र जैविक विवरण सङ्कलन र कार्ड बितरण,

ख) सिंहदरवार परिसरमा कार्ड प्रशोधन केन्द्र निर्माण,

ग) राष्ट्रिय परिचय पत्र तथ्याङ्क भण्डारणको निर्माण ।

**१५. राष्ट्रिय परिचयपत्रको वेभसाईट भए सोको विवरण**

www.nidmc.gov.np

www.docr.gov.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरणः**

विश्वबैंकको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनासंचालन भईरहेको।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**

वुँदा नं. ९ मा उल्लेख भए वमोजिम,

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः(x)**

**१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः औपचारिक रूपमा सुचना माग नभयपनि बिभाग संग सम्बन्धित सूचनाहरू सम्प्रेशण भैरहेको ।**

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

**समाप्त**